**माई नगरपालिका**

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ६ मितिः २०७५/०८/११

**भाग- २**

**माई नगरपालिका**


# माई नगरपालिका

# ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७५

**माई नगरपालिका, नगर कार्यपालिकाबाट पारित मिति २०७५/०८/०५**

**प्रमाणीकरण मिति २०७५/०८/०५**

## . १ परिचय :

ज्येष्ठ नागरिकहरुलाईसंरक्षण र सामाजिक सुरक्षाप्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न माइ नगरपालकिा ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७५, जारी गरिएको छ ।

## २. परिचय-पत्र वितरणका आधार :

नेपालका संविधानको धारा४१ मा उल्लेख भएबमोजिमज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन्।

## ३. उद्देश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नैष्ठ ज्येनागरिकहरुको लगत राख्ने।

ख) नेपालकोसंविधान अनुसारदत्तप्रज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न

र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसारसार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिकस्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोगसरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ कहरुलाईनागरि सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामासहभागी गराउने।

## ४. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनु**सार** साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

## ५. ज्येष्ठ नागरिकको वर्गीकरण:

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ कोउपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

## ६. परिचय-पत्र वितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाईज्येष्ठमात्र नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

## ६. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाईनै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचायस निर्देशिकाको अनुसूची १ बमोजिमको छहुने।ज्येष्ठ नागरिकपरिचय-पत्रको आकार(Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

## ७. परिचय-पत्र वितरण प्रक्रियाः

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुईप्रति

अटो साइजको फोटोसंलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण -पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिर्कत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको ्सफटवेयरमा कम्प्युटराइज गरी न.पा./गा.पा.कोकार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

## ८. विविध :

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनकोअधीनमा रही प्रमुख प्रशासकीय अधर्कितलै निर्णयगरे बमोजिम हुनेछ ।

## अनुसूची १

## ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

### ज्येष्ठ नागरिक परिचय-पत्र

| फोटो |
| --- |

प.प. नं -:

नाम थरः ...........................................

ना.प्र.न.: ..........

ठेगानाः जिल्ला .......................गापा./न.पा.: ...........................

वडा नं.: ........... टोल/गाऊँः .........

उमेरः ........... लिङ्गः ...........

उपलब्ध छुट तथा सुविधाहरुः..................................

पति/पत्नीको नाम : ...................................................

हेरचाह केन्द्रमा बसेको भए सोको.........................................................विवरणः

संरक्षको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं.:

...................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम

...................................................................................................

प्रमाणित गर्ने अधिकृतकोः-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

**<u>आज्ञाले</u>,**
**नामः पेशल पोखरेल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**